अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना सधि नहुने, अमिलो पानी आउने, भोकिल डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: लिङ्ग स्थलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्खलन दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाह कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा हाईट बर्ने, यौन समस्यामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाला नदिई केहि दिनमै छुटाउने
सुन्दरता :- कालो पाथी पोरो, ट्रान्जिस्टर, दाग धब्बा, मस्किया, फोटी, पाउरचित्ति हटाई पुरै आरिर गोरो बनाउने ।
तुरुन्तै पालनी समस्याको पनि सफलतापूर्वक उपचार गरिन्छ !
थप उपचार :- ज्वर, चुनर, जण्डिस, पिसास, याइस, दाम सानै बाथ, दाह कम्मर, हाड जोर्नी पुरै जरिर हु खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
एघ्यारौचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्सका भवल भित्र
फोन नं ०६१-५२१८६७, ०६-५२२८१९८, मो. ९८४६१३७४९८

कम्पनी दर्ता र खारेजीलाई सरल बनाउन माग

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।

झन्झटिलो कम्पनी दर्ता र खारेजी प्रक्रियालाई सरल बनाउन सरोकारवालाहरुले कम्पनी रजिष्टार कार्यालयसँग अनुरोध गरेका छन् । कम्पनी दर्ता र संचालन एवं बन्द गराउँदा भोग्नुपर्ने झन्झट र जरिवानाबारे सर्वसाधारणले समेत चुक्ते गरी सचेतता कार्यक्रम संचालनमा न्याउनु पर्ने समेत उनीहरुको माग रहेको छ । कम्पनी रजिष्ट्रारको कार्यालय तथा पोखरा उद्योग वाणिज्य संघले संयुक्तरुपमा मंगलवार पोखरामा आयोजना गरेको कम्पनी दर्ता,कम्पनी प्रशासन तथा कम्पनी खारेजी सम्बन्धी अन्तर्राक्रिया कार्यक्रममा सहभागीहरुले सो माग गरेका हुन् । सो अवसरमा बोल्ने वक्ताहरुले कम्पनी दर्ता गर्न सजिलो हुने तर पूंजी वृद्धि, पूंजी घटाउने तथा कम्पनी बन्द गराउँदा हुने कानूनी जटिलताका कारण संचालनमा नआएका धेरै कम्पनीहरु समेत बन्द नभएको गुनासो गरे ।

झन्झटिलो कानूनी प्रक्रियाका कारण व्यवसायीहरुले बिचौलिया वा कानून व्यवसायीहरुलाई मोटो रकम तिर्नु परेको उनीहरुको धारणा थियो । कार्यक्रममा बोल्दै कम्पनी रजिष्टार कार्यालयका उपरजिष्टार चन्द्रप्रसाद देवकोटले राजधानीमा मात्र रहेको कम्पनी रजिष्टारको कार्यालयबाहिं प्रादेशिक सरचना अनुसार विकास गर्न लागिएको जानकारी दिए । कम्पनी दर्ता र खारेजीमा देखिएको समस्याकै कारण नेपालमा दर्ता भएका १ लाख४० हजार कम्पनीमध्ये ४० हजारबटाले मात्र आफ्नो गतिविधि



अध्यावधिक गरेको उनले बताए । कम्पनी रजिष्ट्रार कार्यालयले अनलाइनमार्फत नै कम्पनी दर्ताको प्रक्रिया सुरु गरेको जानकारी दिँदै उपरजिष्टार देवकोटले कम्पनी दर्ता गर्नेहरुलाई सोही प्रक्रियाबाट कम्पनी दर्ता गर्न सुझाए । आफ्नो कार्यालयमा वकिल र बिचौलियाहरुको जगजगी रहेको स्वीकारै उनले त्यस्ता व्यक्तिहरुकै कारण कम्पनी दर्ता र खारेजी एवं अद्यावधिक प्रक्रिया महंगो हुन पुगेको दावी गरे । 'अफिसमा बिचौल्याहरु छन्, त्यहां वकिल र बिचौलियाको जगजगी छ,हाम्रा मानिस तहका कर्मचारीहरुबाट पनि गल्ती भएको हुनसक्छ', कम्पनी दर्ता र खारेजीको कममा महंगो शुल्क तिर्नु परेको गुनासोको उत्तर दिँदै उनले भने,'सह रजिष्टार, उपरजिष्टार र रजिष्टारकहाँ आउनुहोस्,काम सजिलै हुन्छ ।'

सो कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष बिन्दुकुमार थापाले कम्पनी स्थापना, संचालन र अद्यावधि एवं खारेजी प्रक्रियालाई झन्झटमुक्त बनाउनुपर्नेमा जोड दिइए । कम्पनी रजिष्ट्रारको कार्यालयलाई राजधानी बाहिर विस्तार गर्ने निर्णयको स्वागत गर्दै उनले कम्पनीसम्बन्धी जानकारीहरु सर्वसाधारणसम्म पुग्ने व्यवस्था मिलाउन माग गरे ।

पोखरा पर्यटन परिषदका अध्यक्ष सोमबहादुर थापा मगरले अन्य देशमा कम्पनी दर्ताको सुविधा घरमै उपलब्ध हुने गरे पनि नेपालमा भने प्रक्रिया नै लामो भएको गुनासो गरे । पोखराको पर्यटन क्षेत्रबाट मात्रै ६ सय बढा ग्राहभेट लिमिटेड कम्पनीहरु दर्ता भएको जनाउदै उनले पोखरामा तत्काल कार्यालय खोल्न माग गरे । नेपाल ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान) पश्चिमाञ्चलका अध्यक्ष रामचन्द्र शर्माले कम्पनीबारे जानकारी नहुंदा ठूलो परिणाममा जरिवाना तिर्नु परेको गुनासो गरे ।

पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष राजेन्द्रकुमार लालचनले कम्पनी संचालनमा नभएको खण्डमा स्वतः खारेजीको व्यवस्था हुनुपर्ने माग गरे । संघकी कार्यसमिति सदस्य सीता गुरुङले कम्पनीको नविकरण प्रक्रिया सरल बनाउनु पर्नेमा जोड दिइन । संघकै कार्यसमिति सदस्य दामु अधिकारीले अद्यावधिक र संचालनमा नआएका कम्पनीहरुले नाम हाेल्ड गरेर बस्दा समस्या आएकोले त्यस्ता कम्पनीहरु खारेज गरिनुपर्ने माग गरे ।

हिसान कार्कीका अध्यक्ष बाबुराम पन्तले धेरै कम्पनीहरुमा कम्पनी सचिव नभएको बताउदै त्यस्तो अवस्थालाई कमरी समाधान गर्ने भन्नेबारे स्पष्ट नीति हुनुपर्ने माग गरे । कम्पनी दर्तादेखि अद्यावधिक सम्मको काम गर्ने वकिलहरुले कहिलेकाहिं रजिष्ट्रार कार्यालयले प्रदान गर्ने पासबाई नै लुकाइदिने र मोलमोलाइ गर्ने गरेको उनको गुनासो थियो । पोखरा उद्योग वाणिज्य संघका महासचिव रवीन्द्रबहादुर जुजुले संचालन गरेको कार्यक्रममा व्यवसायीहरु महाप्रसाद सुवेदी,गोकर्ण कार्की, माधव पौडेल तथा घरेलु तथा साना उद्योग कार्यालय पोखराका प्रमुख कृष्णप्रसाद आचार्य, कम्पनी रजिष्ट्रारको कार्यालयका सहायक रजिष्टार गोरखनाथ मिश्र लगायतले सुझना प्रेसीधीको बढ्दो प्रयोगलाई कम्पनी दर्ता गर्न चाहने तथा कम्पनी रजिष्टारको कार्यालय दुबैले उपयोग गर्नुपर्नेमा जोड दिएका थिए ।

जनज्योती उच्च माविलाई खानेपानी ट्याङ्की

पोखरा २२ वैशाख ।(गोल्डेन)

कास्कीको कालिका गाउँस्थित जनज्योती उच्च माविमा ल्याणी पोखरा रुपले सहयोग गरेको छ । गृपका सदस्य तथा स्थानीय समाजसेवीको उपस्थितिमा उच्चमाविलाई एक थान पानी ट्याङकी उपलब्ध गराईएको हो । मंगलवार विद्यालयमा आयोजित एक कार्यक्रमका बीच ल्याणी पोखरा गृपका सदस्य तथा युवा उद्यमी चन्द्र कुँवरले प्रधानाध्यापक माधवप्रसाद पौडेललाई पानी ट्याङकी हस्तान्तरण गरेका थिए । हस्तान्तरण कार्यक्रमा बोर्दी उद्यमी कुँवरले केहि समय अघि स्कूल अवलोकनका क्रममा विद्यार्थीहरुलाई पिउने पानीको समस्या देखेकाले पानी जम्मा गर्ने ट्याङकीको व्यवस्था गरेको बताए । पानी ट्याङकी नहुंदा विद्यार्थीहरुलाई सिधा धाराबाट पानी पिउनुपर्ने बाध्यता र पानी नआएको समयमा पिउने पानीकै सङ्कट पर्ने गरेको थियो । आफूले आजैन गरेको कमाइको केही अंश समासेवामा खर्च गर्ने उद्देश्य अनुरुप नै दुई वर्षअघि ल्याणी पोखरा गृप स्थापना गरेको बताउदै कुँवरले आगामी दिनमा पनि कास्कीका विभिन्न सामुदायिक विद्यालयमा अभाव हुने भौतिक सामाग्री सहयोग गर्ने संस्थाको योजना सुनाए । संस्थामार्फत विद्यालयमा सहयोगको चाजोपाजो भने नेपाली कांग्रेसका कालिका स्थापति भानभक्त ढकालले मिलाएका थिए । सहयोग कार्यक्रममा बोर्दी ढकालले जनज्योतिमा जस्तै



कास्कीका अन्य सामुदायिक विद्यालयमा पनि समस्या विद्यमान रहेकाले त्यसतर्फ दातृ संस्थाको ध्यान पुग्न जरुरी रहेको बताए । पानी ट्याङकी सहयोग लिंदै विद्यालयका प्राचार्य माधव प्रसाद पौडेलले विद्यालयमा रहेको एउटा मुख्य समस्या समाधानमा ल्याणी पुग्को सहयोगप्रति खुशी व्यक्त गरेका थिए । विद्यालयका सामुदायिक विद्यालयमा रहेका विद्यालयका लागि पानी ट्याङकी सहयोग गर्ने बातावरणको मध्यस्तता गरेका नेपाली कांग्रेस कालिकाका बोर्दी ढकालले जनज्योतिमा जस्तै समाप्ति भाग ढुकालले बताए ।

न्यायाधीशसंग गाउँमै पुग्दा सैमराङवासी उत्साहित

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।

कास्की जिल्ला अदालतको आयोजनामा कास्की जिल्लाको सैमराङ गाउं विकास समितिको बडा नं. २ बाचौंकमा न्यायिक बाह्यपहुंच कार्यक्रम सम्पन्न भयो । स्थानीय अन्नपूर्ण सीता पोखरी प्र.जि.को प्राङ्गणमा आयोजित कार्यक्रम न्यायमा महिलाको पहुंच, घरेलु हिंसा, महिला हिंसा, सम्बन्ध विच्छेद, अंश, माना चामल, यौन दुर्व्यवहार, पारिवारिक सम्पत्ति विवाद लगायतका विविध विषयमा केन्द्रित भएको थियो । बाह्यपहुंच कार्यक्रममा स्थानीयले उठाएका जिज्ञासा जिल्ला न्यायाधीश, खेस्टेदार, तहसिलदार र सरकारी वकिल लगायतले मेटाएका थिए । यसरी आफ्नै ठाउंमा आएका जिल्ला न्यायाधीश समक्ष प्रश्न तथा जिज्ञासा राख्न पाउंदा उनीहरु उत्साहित देखिन्थे ।

कार्यक्रममा सहभागीहरुले सन्तान नभएको कारण श्रीमतीले सम्बन्धविच्छेद गरेमा अंश पाउने कि नपाउने, श्रीमान् विदेशमा हुंदा श्रीमतीले सबै पैसा सक्या समेत न्याय नपाउंदा के गर्ने, घरेलु हिंस्सालो बरेमा उजुर गर्दा झन् पछि पिछा दिएमा के गर्ने, महिला पुरुष बीचमा ज्यालामा भेदभाव छ यसलाई कसरी समान बनाउने भन्ने न्यायाधीश समक्ष प्रश्न गरेका थिए । त्यतिमात्र नभएर अंशबण्डा, अंशियार, बाइजो, पेवा, मानाचामल, सम्बन्ध विच्छेद, घरेलु हिंसा, दण्ड सजाय, पौंडितले उजुरी दिने ठाउं लगायतको बारेमा समेत उनीहरुले जिज्ञासा राखे । यसरी आएका प्रश्न र जिज्ञासालाई कास्की जिल्ला अदालतका जिल्ला न्यायाधीशहरु अनन्तराज ढुंखे, नागेन्द्र लाल कर्ण, निरञ्जन भण्डारी, नारायणप्रसाद दाहाल र विष्णुप्रसाद गौतम, अदालतका खेस्टेदार कृष्ण प्रसाद नेपाल, तहसिलदार खुमप्रसाद भण्डारी, शाखा अधिकृत भोलाराज रेग्मी, पुनरावेदन सरकारी वकिल लगायतले मेटाएका थिए । भण्डै तीन घण्टासम्म चलेको कार्यक्रममा सहभागी भई न्यायमा जानकारी प्राप्त गर्न पाएकोमा स्थानीय महिला वर्ग उत्साहित थिए । कार्यक्रमा भण्डै एक सय जना स्थानीयको सहभागिता थियो ।

कास्की जिल्ला अदालतका जिल्ला न्यायाधीश अनन्तराज ढुंखेको अध्यक्षतामा भएको कार्यक्रममा, जिल्ला न्यायाधीश नागेन्द्र लाल कर्णले स्वागत, अदालतका तहसिलदार खुमप्रसाद भण्डारीले धन्यवाद ज्ञापन गरेका थिए । अदालतका खेस्टेदार कृष्ण प्रसाद नेपालले सहजीकरण गरको कार्यक्रममा स्थानीय बुद्धिजीवि छवि प्रसाद गुरुङ, सहभागीको तर्फबाट कुसी गुरुङले बोलेकी थिइन् । कार्यक्रममा राष्ट्रिय प्रकृति संरक्षण कोष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय सिक्लेस समेतको सहयोग रहेको थियो ।

पुल शिलान्यास

झापा २२ वैशाख ।(गोल्डेन)

झापाको ज्यामिरगढी गाविस र भद्रपुर नगरपालिकासँग जोडिएको निन्दाखोलामा निर्माण गरिने पुलको सांसद सुधिर शिवाकोटीले शिलान्यास गरे। नेपालको पूर्वीपहेंदोआर कांकडभिट्टासम्म छोटो दूरीमा जान सक्ने सो पुलको लम्बाइ १०० मि. चौडाइ सात मि. र लागत रु. छ करोड ७४ लाख १६ हजार भएको बताइएको छ। दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी बिटी निर्माण कम्पनीले जिम्मा लिएको छ। सो अवसरमा सांसद शिवाकोटीले चन्द्रगढीसँग नजिकै रहेको ज्यामिरगढी गाविस पुलको अभावमा दर्गम भएकाले सो पुलले स्थानीय जनतालाई आवतजावतमा महत पुग्ने विश्वास व्यक्त गरे ।

हावाले क्षति

पोखरा २२ वैशाख ।(गोल्डेन)

मंगलवा साँझ लागेको निरन्तर हावाले कास्कीकोटमा रहेका अधिकांशको घरको छानाहरु उडाएको स्थानीय गोविन्द प्रसाद पौडयालले टेलिफोनबाट जानकारी दिएका छन् । हावा निरन्तर दुई घण्टासम्म चलेकाले बढा नं २ दोपहरेका गिरीधरी सुवेदी, बढा नं. ५ का नरबहादुर परियार लगायतका घरमा हावाले क्षति पुराएको बताइएको छ । अन्य घर हस्या पनि हावाले क्षति पुऱ्याएको हुन सक्ने गाविस प्राविधिक इन्द्र बहादुर जिसी बताउछन् । हावा र धुलोले सर्वसाधारणहरु बाहिर निस्कन नसकेको पौडयलले बताए ।

पौडेलको निधन

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।

कास्कीको धितोल गाविस वडाल ५ निवासी नेपाली कंग्रेसका क्रियाशिल सदस्य गिरीधारी पौडेलको ७७ वर्षको उमेरमा सोमवार निधन भएको छ । गाउंमा राजनीतिका साथै समाजसेवा तथा शिक्षाको विकासमा पौडेल क्रियाशिल थिए । पौडेलको तत्काप्र भावि कार्यकहरु तथ गर्नुका साथै समितिमा विभिन्न क्षेत्रलाई मध्यनजर गर्दै कार्यसमिति विस्तार समेत गरेको छ । यसरी कार्य समिति विस्तार गर्न क्रममा सभापति आचार्यले वरिष्ठ सदस्यमा गुरुप्रसाद पौडेल र विष्णुप्रसाद आचार्यलाई मनोनित गरेको छन् भने अन्य सदस्यहरुमा विष्णुप्रसाद भण्डारी र गंगाराम लम्साल चयन भएको सचिव केदारनाथ आचार्यले जानकारी दिए । वर विताीएत प्रस्तावित पार्टी कार्यालयको प्राङ्गणमा सम्पन्न बैठकले आफ्नो वडामा पार्टीलाई गतिशिल

फेवा विकास बैंकमा फेरि नयाँ नेतृत्व

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।



लामो समय नेतृत्व विवादमा अल्झिएको फेवा फेवा विकास बैंकले फेरि नयाँ नेतृत्व पाएको छ । बैंकको अध्यक्षमा बिन्दुकुमार थापा संचालक समितिको अध्यक्षमा चयन भएका छन् । उनी पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष समेत हुन् । यसअघि बैंकको अध्यक्षमा रामभक्त रञ्जित रहेका थिए । बैंकको गत चैत मशान्तमा सम्पन्न आठौं वार्षिक साधारण सभाले आगामी चार वर्षको लागि थापासहित संस्थापक शेयर धनीहरुको तर्फबाट रामभक्त रञ्जित, जगनबहादुर गुरुङ, सुशिल गौचन र अमर बहादुर के.सी तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट नारायणबहादुर बानियाँ, रविन्द्र माकाजू र सञ्जिब बानियालाई संचालकमा निर्वाचित गरेको थियो ।

साथै साधारण सभाले संचालक समितिको आ.व. २०७१/७२ को वार्षिक प्रतिवेदन पास गर्नुको साथै आर्थिक वर्ष २०७१/७२ सम्मको संचित मुनाफाबाट चुक्ता पुँजीको २१.९० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गरेको थियो । बोनस शेयर वितरण पश्चात बैंकको कुल चुक्ता पुजी रु. ९९ करोड ५० लाख पुगेको छ। साथै उक्त सभाले चुक्ता पुजीको ३० प्रतिशत (१० :३ को अनुपात) हकप्रद शेयर जारी गर्ने प्रस्ताव पनि पारित गरेको थियो ।

फेवा विकास बैंक लिमिटेडले आ.व. २०७२/७३ को तेश्रो त्रयमास सम्ममा निक्षेप रु. १० अर्ब ६३ करोड कर्जा रु.९ अर्ब ३३ करोड र संचालन मुनाफा करीब रु २६ करोड पुऱ्याएको प्रमुख कार्यकारी अधिकृत रेशमबहादुर थापाले जानकारी दिए । देशको विषम परिस्थितिका बावजुद पनि यस प्रकारको वृद्धिलाई बैंकले सकारात्मक रुपमा लिएको छ । गत आषाढ २८ गतेदेखि पोखराका दुई उत्कृष्ट वित्तीय संस्थाहरु विश्व विकास बैंक लि. र फेवा फाइनान्स लि. एक आपसमा मर्ज भइ राष्ट्रियस्तरको फेवा विकास बैंकको रुपमा कारोवार गर्दै आइरहेको छ ।

बैंकले केन्द्रिय कार्यालय सहित देशका विभिन्न ठाउंहरुमा गरी २७ वटा शाखा कार्यालय मार्फत आकर्षक व्याजदरका विभिन्न निक्षेप योजना, सहज र सरल रुपमा कर्जा योजनाको साथमा एबीबीएस, एसएमएस बैंकिङ सेवा, लकर सेवा, सुनधितोमा कर्जा सुविधा, रेमिट्यान्स सेवा, प्रधान कार्यालय लगायत केही शाखाहरुबाट ३६५ दिन बैंकिङ सेवा तथा सन्ध्याकालिन सेवा पनि प्रदान गर्दै आइरहेको छ भने न्यून आय भएका व्यक्तिलाई विपन्न वर्ग कर्जा तथा समूहमा आबद्ध लघु वित्त कर्जा पनि प्रदान गर्दै आएको छ ।

र जडीबुटी अध्ययन अनुसन्धान जस्ता विविध योजना तर्जुमा गरिएको संरक्षण विशेषज्ञ सौरभ श्रेष्ठले जानकारी दिए गोसाईकुण्ड स्थलगत व्यवस्थापन योजनाले वनस्पति जैविक विविधता संरक्षणमा थप टेवा पुगी धार्मिक एवम् पर्यटकीय क्षेत्रको सुन्दरता बढाउन महत पुग्ने बताउँदै नागरिक समाजका अध्यक्ष बाबुलाल तामाइले योजना कार्यान्वयन चरणमा सबै क्षेत्रले सहयोग गर्नुपर्नमा जोड दिए रासस

गोसाइँकुण्ड गुरुयोजनाको तयारी

रसुवा २२ वैशाख ।

समुद्री सतहदेखि १४ हजार १०० फिटको उचाइमा रहेको धार्मिक-पौराणिक क्षेत्र गोसाईकुण्डको संरक्षण गर्न गहकार्य सुरु भएको छ । बर्सेनि हजारौं भक्तजन पुग्ने गोसाईकुण्ड रामसार सूचीमा सूचीकृत भइसकेको छ । यस क्षेत्रको संरक्षण गर्न गुरुयोजना

कांग्रेस लेखनाथ-१८ को बैठक

पोखरा २२ वैशाख ।(गोल्डेन)

नेपाली कांग्रेस नगर बडा कार्य समिति लेखनाथ-१८ कास्कीको बैठक मंगलवार सम्पन्न भएकी छ । बढा कार्यसमिति १८ का सभापति विनेश आचार्यको अध्यक्षतामा सम्पन्न बैठकले पार्टीका विभिन्न भावि कार्यक्रहरु तय गर्नुका साथै समितिमा विभिन्न क्षेत्रलाई मध्यनजर गर्दै कार्यसमिति विस्तार समेत गरेको छ । यसरी कार्य समिति विस्तार गर्न क्रममा सभापति आचार्यले वरिष्ठ सदस्यमा गुरुप्रसाद पौडेल र विष्णुप्रसाद आचार्यलाई मनोनित गरेको छन् भने अन्य सदस्यहरुमा विष्णुप्रसाद भण्डारी र गंगाराम लम्साल चयन भएको सचिव केदारनाथ आचार्यले जानकारी दिए । वर विताीएत प्रस्तावित पार्टी कार्यालयको प्राङ्गणमा सम्पन्न बैठकले आफ्नो वडामा पार्टीलाई गतिशिल सन्तोष लामिछानेले जानकारी दिए ।

विद्यार्थीहरुलाई ट्राफिक सचेतना

पोखरा २२ वैशाख ।(गोल्डेन)

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा- १ बगरकी आयोजनामा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको छ। सचेतना कार्यक्रममा बाल मन्दिर उच्च माविमा अध्ययनरत कक्षा ९ र १० का विद्यार्थी सहभागिता रहेको थियो । कार्यक्रममा ट्राफिक प्रहरी पोष्ट बगरका सहायक प्रहरी निरिक्षक राजेन्द्र काकीले सहजिकरण गरेका थिए । विद्यार्थीलाई प्रशिक्षण दिदै काकीले अधिकांश दुर्घटना चालकको लापर्वाहीले हुने गरेको बताए । चालकको लापर्वाही, तीव्र गति मापसे, यान्त्रिक गडवढी पनि दुर्घटनामा मुख्य कारण रहेको उनको भनाई थियो। दुर्घटनामा सबै भन्दा मृत्यु हुने १७ देखि २५ वर्ष समूह रहेको उनले जानकारी दिए।

लामिछानेको चौथो एल्बम 'बाडुल्की लाईरनी'

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।

लोक दोहोरी गायक सुरज लामिछानेको चौथो एल्बम 'बाडुल्की लाईरनी' बजारमा आएको छ। सुरज लामिछाने र भविकला घर्ती मगरको आवाज रहेको यो एल्बम सम्बेश गीतको शब्द सिर्जना रमेश विजीकी हो। नव संकलन भने लामिछानेले गरेका हुन्। 'अकाे मौसर आउंछ सानु यो साल गएपनि, तिमी मेरो म तिमी हो जहिले भएपनि, मायाले सम्झेर होकी बाडुल्की लाईरनी नरोकी' गीत नाच्न मिल्ने खालको भएको लामिछाने बताउंछन् । गीत रिलिज गरे संगै पाएको दर्शक श्रोताको मायाले उत्साहित भएको उनले बताए ।

हमाल म्यूजिक प्रा.लि.ले बजारमा ल्याएको एल्बमको गीत संगै भिडियो समेत सार्वजनिक गरिएको छ । शंकर विंसले निर्देशन गरेको भिडियोमा बाबुकृष्ण परियार, बबिता गुरुङ, नसरुदिन मिया र गोजी तामाङको अभिनय रहेको छ । काठमाडौंमा छायांकन गरिएको



भिडियोले दर्शक श्रोताको मन जिल्दोमा गायक लामिछाने विश्वस्त छन्। औपचारिक रुपमा वि.स. २०६९ सालमा 'चाहेर काल आउंदो रहेनछ' बोलकी गीत रेकर्ड गरी नेपाली सांगीतिक फर्टिमा लामिछानेले डेब्यु गरेका थिए । उनले एकल आवाज भरेको यस गीतमा शब्द र लय संकलनमा केशव घिमिरेले साथ दिएका थिए ।

भिडियो समेत उत्कृष्ट बनेको यस गीतले दर्शक श्रोतामाझ उनलाई परिचित गराएको थियो । वि.स.२०७० मा तीजको एल्बम 'खुशी हुँ-हुँ, बजारमा ल्याए । अघिल्लो वर्ष 'भेटिएन कती' एल्बम बजारमा उनले ल्याएका थिए । सम्झना मगर र लामिछानेको आवाजमा रहेको यो गीत मार्फत पनि दर्शक श्रोताको मायामा बटुल्न सफल भए । अब छिट्टै स्टेज कार्यक्रमलाई लक्षित गरेर नयां गीत बजारमा लयउने तयारी गरेको उनले जनाएका छन् ।

नेपालको संविधानमा पिछडा वर्गको अधिकार
नेपालको संविधानमा पिछडा वर्गको हक अधिकार
देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- सामाजिक न्याय सुनिश्चित गर्न राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समानमूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका पिछडा वर्ग लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रुपले पछाडि परेका पिछडावर्ग समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

दुर्घटना न्युनिकरणमा सरोकारवालाको सहकार्य आवश्यक

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।

सडक दुर्घटना न्युनिकरणका लागि सरोकारवालाले सहकार्य गनुपर्नेमा एक कार्यक्रममा जोड दिइएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की र नेपाल रेडक्रस सोसाइटी कास्की शाखाले पोखरामा बुधवार आयोजना गरेको समन्वय बैठकमा सो कुरामा जोड दिइएको हो । सडक प्रयोगकर्ता, व्यवसायी, चालक र ट्राफिक प्रहरीको सहकार्यले मात्र दुर्घटना न्युनिकरण गर्न सकिने सहभागिहरुले बताए ।

पोखरा उपमहानगरपालिकाका निमित्त प्रमुख ओमराज पौडेलले नागरिक र ट्राफिक प्रहरीको सहकार्यले मात्र ट्राफिक व्यवस्थापन गर्न सकिने बताए । उनले सडकलाई असर पर्ने खालका गतिविधि, चौपाया नियन्त्रण लगायतका विषमा नगरपालिका चनाखो रहेको उल्लेख गरे । जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकिय अधिकृत डिल्लीप्रसाद ढुङ्गाना र सडक डिभिजन कार्यालय पोखराका इन्जिनियर इन्द्रप्रसाद पौडेलले सवारी साधनको संख्या वृद्धि भएसँगै सडकको चौडाई बढ्न नसकेको बताए । शसस्त्र प्रहरी बल कालीका गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक फाडिन्द्र पौडेलले आफूहरु ट्राफिक प्रहरीको सहयोगीको रुपमा कार्य गरिरहेको जानकारी दिए । पृथ्वीराजमार्ग बस सञ्चालक समितिका महासचिव योगेन्द्र केसीले दुर्घटना न्युनिकरणका लागि ट्राफिक ज्ञान पाठ्यक्रममै समावेश गर्नुपर्नेमा जोड दिए । गण्डकी ज्ञीवलागिरी यातायात समन्वय समितिका अध्यक्ष वशन्त प्रधानले अध्ययनसँगै विद्यार्थीलाई व्यवहारिक ज्ञानको खाँची रहेको औल्याए ।

नेपालमा सडक संरचना, चालकको लापरवाही, ट्राफिक नियमको पालना नगर्नु, मानवीय चेतना, सवारी साधनको अवस्था, विद्यमान कानुनको पालना लगायतका विविध कारणले सडक दुर्घटना बढेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार सन् १९९६ देखि २०७६ सम्म १८,७०० भन्दा बढीको मृत्यु सडक दुर्घटनाबाट भएको थियो । सडक दुर्घटनाबाट नेपालमा प्रतिदिन ६ जनाको मृत्यु र ३३ जना घाइते हुने गरेको तथ्यांक छ । नेपालमा ८० प्रतिशत दुर्घटना सडक प्रयोगकर्ताका कारण हुने गरेको छ । गण्डकी अञ्चलमा १ लाख ३० हजार ६ सय ४९ सवारी साधन दर्ता भएका छन् । जिल्लामा १ सय ९० किलोमिटर सडक कालोपत्रे, ८२ किमि ग्राइभेल र ४ सय १३ किमि कच्ची सडक छ । कास्कीका सडक दुर्घटनामा परि गत वर्ष ४५ जनाले ज्यान गुमाए भने १ सय ५० जना घाइते भएका थिए । यस वर्ष श्रावण यता २८ जनाको मृत्यु भएको छ भने ५१ जना घाइते भए । दुर्घटनामा पर्ने करिब १० प्रतिशत अपाङ्ग वा अशक्त हुनुपरेको अनुमान छ । कास्कीमा ६६ जना ट्राफिक प्रहरीको दरबन्दी छ । प्रति ट्राफिक १ हजार ९ सय ८० सवारीसाधन हेनुपर्ने कास्की ट्राफिकले जनाएको छ । रेडक्रस कास्की अन्तर्गत कास्कीको लुम्लेदेखि तनहुँको कोत्रेसम्म प्राथमिक उपचार र सडक सुरक्षा परियोजना सञ्चालन भइरहेको छ । परियोजना अन्तर्गत सन् २०१५ मा विभिन्न १२ वटा समुदायस्तरमा प्राथमिक उपचार र सडक सुरक्षा तालिम सम्पन्न गरिएको कार्यक्रम अधिकृत प्रतिभा सापकोटाले जानकारी दिए । तालिमबाट २ सय ७४ जना प्राथमिक उपचार तयार भएका छन् । रेडक्रस कास्कीका उपसभापति डोलराज पाण्डेको सभापतित्वमा सम्पन्न कार्यक्रममा रेड-सरकारी संघ कास्कीका पदमराज पहारी, गोपाल खड्का, पत्रकार जमुना शर्मा लगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन रेडक्रस कास्कीका उपनिर्देशक खेमराज सापकोटाले गरेका थिए ।

यसैबीच कास्की जिल्लामा आगामी वैशाख २६ गतेबाट जेठ १ गतेसम्म विभिन्न सचेतनामूलक कार्यक्रम गरि ट्राफिक सप्ताह मनाइदै छ । वैशाख २६ गते विहान मानवअधिकार चौकबाट प्रभातफेरि, हप्ताभर पर्चा पम्प्लेट वितरण, २७ गते पोखरा १०,११ उपशाखाका सदस्यबलाई ट्राफिक कक्षा, २८ गते हेम्जा उपशाखामा र अम्बिका मार्विमा ट्राफिक कक्षाका साथै यातुलाई जेब्रा क्रसिङ मार्फत पार गराउने, २९ गते चालक तथा सहचालकलाई र पोखरा-७ उपशाखामा समुदायलाई ट्राफिक शिक्षा प्रदान गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी निरीक्षक श्याम् अर्यालले जानकारी दिए । साथै ३० गते निवन्ध प्रतियोगिता, अमरसिंह उच्च माविका विद्यार्थीलाई ट्राफिक शिक्षा र यातुलाई जेब्रा क्रसिङ मार्फत पार गराउने, ३१ गते विभिन्न स्थानीय रेडियोमा सचेतनामूलक कार्यक्रम, जनप्रकाश उच्च माविका विद्यार्थी र पोखरा-१४ उपशाखामा समुदायलाई ट्राफिक शिक्षा प्रदान गरिने छ । जेठ १ गते पोखरा-८ उपशाखामा समुदायलाई ट्राफिक शिक्षा र मैनबत्ती प्रज्वलन र समापन गरिने छ ।

जिफा नाइट २०१६ का लागि कलाकार काठमाडौं

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।



गुरुङ फिल्म एशोसिएशन (जिफा) हडकडको आयोजनामा हुने जिफा नाइट २०१६ का लागि कलाकारको टोली पोखराचाट मंगलवार काठमाडौं प्रस्थान गरेको छ । टोलीमा गुरुङ फिल्म एशोसिएशन नेपालका प्रथम उपाध्यक्ष राजबहादुर गुरुङ, महासचिव प्रितम गुरुङ, महिला विभाग प्रमुख रंसिला गुरुङ, सदस्य निस्ता गुरुङ रहेका छन् । यसैगरी पूर्व उपाध्यक्ष जसु गुरुङ, गीत संगीत विभाग प्रमुख नरजंग गुरुङ, नायक भिम गुरुङ, सोम गुरुङ, खेम गुरुङ, नायिका रजनी गुरुङ र अनु गुरुङ, कार्यसमिति सदस्य माया गुरुङ रहेको कार्यक्रमको सांस्कृतिक संयोजनको जिम्मा लिएर हडकड जान लागेका मनोज गुरुङले जनाए । वैशाख २६ गते हडकडमा आयोजना हुने यस कार्यक्रमका लागि जिफानका अध्यक्ष बेवबहादुर गुरुङ श्यामल यस अघि नै हडकड पुगिसकेका छन् । टोली वैशाख २३ गते हडकडका लागि उड्ने छ भने २९ गते पोखरा फर्कने कार्यक्रम तय भएको जिफानले जनाएको छ ।

हडकडमा हुने कार्यक्रममा फिल्म बंश सम्बन्धित गीति नाटक, पहिलो गुरुङ फिल्म पाते देखि हालसम्मको फिल्मको कथा बोकेको नृत्य, सबै कलाकारको सहभागितामा जिपान रिमिक्स, गुरुङ संस्कृती झल्कने नृत्य, विभिन्न गायक गायीकाको प्रस्तुति कार्यक्रममा रहने बताइएको छ । जिफा हडकड अध्यक्ष रोसन गुरुङको व्यवस्थापनमा हुने कार्यक्रममा गुरुङ फिल्मका शुभचिन्तकको सहभीता रहने छ । कार्यक्रममा हडकडमा रहेका गुरुङ फिल्मका कलाकारको समेत प्रस्तुति रहने छ ।

गुरुङ फिल्म र त्यसमा काम गर्ने चलचित्रकर्मीहरुलाई अगाडि बढ्न सजिलो होस् भन्ने हेतुले २०६५ सालमा गुरुङ फिल्म एशोसियसन नेपाल (जिफान) स्थापना गरिएको हो । जिफानले गुरुङ फिल्मको मात्र नभई गुरुङ कला, संस्कृतिलाई समेत चलचित्रको माध्यमबाट दर्शकमाझ पस्केने काम गरेको छ ।

यसले गुरुङ कला र संस्कृतिको बारेमा नयाँपिढीलाई जानकारी लिने विश्वास समेत संस्थाले गरेको छ । हडकड जाने टोलीलाई एक कार्यक्रमका बीच मंगलवार जिफानका पूर्व अध्यक्ष माओत्से गुरुङ लगायतले यात्रा सफलताको कामना गर्दै विदाई गरेका थिए ।

सामुदायिक अस्पताललले अनुदान नपाउने

काठमाडौं २२ वैशाख ।

मन्त्रिपरिषदको सामाजिक समितिले 'सामुदायिक अस्पताललाई अनुदान दिनेसम्बन्धी निर्देशिका २०७२' पारित गरेसँगै उपत्यकामा रहेका अस्पतालले अनुदान नपाउने भएका छन् । उपत्यकाका तीनै जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरले अनुदान स्वरुपको रकम नपाउने भएका हुन् । यसअघि काठमाडौं उपत्यकामा रहेका सामुदायिक अस्पतालले करीडौं रकम स्वास्थ्य मन्त्रालयबाट अनुदान स्वरुप पाउँदै आएका थिए । मन्त्रालयले पनि मनोमानी अनुदान दिने र अस्पतालले पनि मनपरी खर्च गर्ने प्रवृत्ति बढेपछि निर्देशिका तयार पारिएको मन्त्रालयले जनाएको छ । मन्त्रिपरिषदबाट पारित निर्देशिकामा पचलित कानुनबमोजिम अधिकार प्राप्त निकायबाट सञ्चालन स्वीकृति पाएर उपत्यका बाहिर सञ्चालन भइरहेका सामुदायिक अस्पताललाई मात्र अनुदान दिइनेछ ।

निर्देशिका आएसँगै अब सहकारीका नाममा सञ्चालन भएका, पालि या अन्य नाफा कमाउने उद्देश्यले सञ्चालन भएका अस्पताललले सरकारी अनुदान नपाउने व्यवस्था भएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले बताए । "अब पालि वा नाफा कमाउने उद्देश्यले सञ्चालित अस्पताललले अनुदान पाउँदैनन्, सामाजिक सेवाको उद्देश्यले खोलिएका गैंडनाफामूलक सामुदायिक अस्पताललें मात्र अनुदान पाउनेछन् ।" उनका अनुसार अनुदान दिंदा सरकारको पहुँच कम भएका स्थानमा खोलिएका सामुदायिक अस्पताललें बढी प्राथमिकता पाउने छन् ।

निर्देशिकाले अब अनुदानका लागि दावी गर्ने सामुदायिक अस्पताललें पनि अनुदान पाउने वर्षको नवैदेखि अनिवार्य भएको हुनुपर्ने उल्लेख गरेको छ । त्यसैगरी स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नतिसम्बन्धी निर्देशिका, २०७० बमोजिम सञ्चालन अनुमति प्रमाणपत्र र नवीकरण भएको अस्पताललें मात्र अनुदान पाउने छ । सो निर्देशिकामा संस्थाको आफ्नै भवन या पाँच वर्षभित्रमा आफ्नै भवन बनाउने गरी योजनासहित मन्त्रालयबाट स्वीकृत लिनुपर्ने व्यवस्था रहेको छ । निर्देशिकाले अनुदान प्राप्त गर्ने सामुदायिक अस्पताललें आफ्ना कुनै पनि सदस्य वा कर्मचारीलाई कुनै पनि किसिमले मुनाफा वितरण गर्न नपाउने व्यवस्था गरेको छ ।

यदि व्यवस्थाअनुसार नपाइएमा त्यस्ता अस्पताललाई कालोसूचीमा राखिने छ । अनुदान पाउने अस्पतालका लागि निर्देशिकाले आधार पनि बनाएको छ । जसमा निःशुल्क सेवा तथा सेवा शुल्क प्रदान गरिहेको अस्पताललाई ५४, पिछाडिएको क्षेत्रको अस्पताललाई २०, अस्पतालमा उपलब्ध मानव स्रोत तथा विशेषज्ञता सेवा लाई १५, भौतिक अवस्थालाई १०, कार्य अनुभवलाई ५ र प्रतिवेदनलाई ५ अङ्क छुट्याएको छ । प्रवक्ता श्रेष्ठका अनुसार अस्पताल जति दुर्गममा गयो २० अङ्क बढी पाउनेछन् ।

मूल्याङ्कनका आधारमा जुन अस्पतालले बढी अङ्क प्राप्त गर्छ त्यसलाई बढी अनुदान प्राप्त गर्ने निर्देशिकामा व्यवस्था गरिएको छ । मूल्याङ्कनमा कम्तीमा ४० अङ्क पाउने अस्पतालले पनि अनुदान पाउने भएको छ । अनुदान उपलब्ध गराउनका लागि गरिने अध्ययन तथा मूल्याङ्कनका लागि स्वास्थ्य मन्त्रालयको नीति योजना तथा कार्यक्रम महाशाखाको प्रमुख संयोजक हुनेगरी पाँच सदस्य समित गठन गरिएको छ ।

निर्देशिका अनुसार अनुदानका रुपमा प्राप्त रकम भवन निर्माण, स्वास्थ्य उपकरण खरिद, स्वास्थ्य सेवासँग सम्बन्धित मेसिनरी औजार र अस्पतालजन्य फर्निचर जस्ता शीर्षकमा मात्र खर्च गर्नुपर्ने छन् । त्यस्तै सामान खरिद तथा भवन निर्माण गर्दा खरिद प्रक्रिया प्रतिस्पर्धात्मक विधिबाट मात्र गर्नुपर्ने उल्लेख छ । कामको प्रगति विवरण जिल्ला जनस्वास्थ्य कार्यालय र मन्त्रालयमा अनिवार्य रुपमा पठाउनुपर्नेछ । रासस

जग्गा भाडामा लिएर तरकारी खेती

गोल्डेन न्यूज संवाददाता
पाल्पा २२ वैशाख ।

सधैं अर्काको आम्दानीमा रमाइरहेका महिला हिजो आज आफै स्वावलम्बी बन्न थालेका छन् । दुई चार पैसा चाहिदाँ अरुसँग हात थापेर जीविका गर्दै आएका रामपुरका महिलाहरुले तरकारी खेती गरेर स्वावलम्बी बन्दै गएका छन् । हिजोआज यहाँका महिलाहरुको दिनचर्या तरकारी लगाउने र बेच्ने बनेको छ । उनीहरु घर घरमा लगाएको तरकारीले परिवार चलाउने र सामूहिक रुपमा लगाएको तरकारीबाट लिएको आम्दानी बचत गर्न थालेका छन् । यहाँका आत्मनिर्भर तरकारी उत्पादन समूहका १० जना महिलाले आठ रोपनी जग्गा भाडामा लिएर सामूहिक रुपमा खेती गरेका हुन् । वार्षिक रुपमा रु १२ हजारका दरले दुई वर्षसम्मका लागि जग्गा भाडामा लिएर तरकारी खेती गरेपछि जीवनशैलीमा नै परिवर्तन आएको छ । महिलाहरु विहान उठेदेखि नै साँझसम्म तरकारी लगाउने, बेच्ने र रेखदेखमै काममा व्यस्त हुन्छन् । गत वर्षबाट तरकारी खेती सुरु गरेका महिलाहरुले अहिलेसम्म रु तीन लाख बराबरको आम्दानी खर्च कटाएर लिइसकेका छन् ।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
लमजुङ

मालसामान खरिद कार्यको बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति:२०७३।०१।२३ गते

यस कार्यालयद्वारा आ.व. २०७२।०७३ मा संचालन हुने विभिन्न खानेपानी आयोजनाहरुको लागि आवश्यक मालसामान खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा सप्लायरहरुबाट निम्न शर्तहरुको अधिनमा रहने गरी शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

बोलपत्र फारमको अवधि : सूचना प्रकाशन भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र ।

फाराम खरिद गर्न आवश्यक कागजातहरु : निवेदन, फर्म दर्ता प्रमाण पत्र, उद्योग दर्ता पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ.व. २०७१।०७२ को कर चुक्ता प्रमाण पत्र समेतका प्रमाणित प्रतिलिपिहरु ।

खरिद गर्ने स्थान : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, लमजुङ्ग वा कोष तथा लेखा नियन्त्रक कार्यालय लमजुङ्ग

जमानत बापतको धरौटी रकम र मान्य अवधि : तपशिल बमोजिम

जमानतको किसिम : राष्ट्रिय वाणिज्य बैंक, बेशीशहर, लमजुङ्ग शाखामा रहेको को.ले.नि.का लमजुङ्ग एकल धरौटी खाता नं. ३०४०२०३०००००० मा नगद जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र (विडवण्ड) ।

बोलपत्र फाराम पेश गर्ने स्थान र मिति र प्रक्रिया : बोलपत्रसाथ माथि उल्लेखित जमानत संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतिसौं) दिन दिनको १२:०० बजे भित्र खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको नाममा सम्बोधन गरि कामको विवरण, बोलपत्रदाताको नाम, पत्राचार गर्ने आधिकारिक ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई खाममा शिलबन्दी छाप गरी यस डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ ।

अन्य जानकारीको लागि : यस डिभिजन कार्यालय, लमजुङ्गमा कार्यालय समय भित्र ।

ठेक्का नं.	आयोजनाको नाम	ल.ई. रकम (भ्याट सहित)	जमानत रकम
2072/73 Good /5	Supply of pipe,fittings Tools, MH cover for different Water Suppy Projects	बोलपत्र फारममा उल्लेख हुने	बोलपत्र फारममा उल्लेख हुने

नोट:-

- यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन, नियम अनुसार हुनेछ ।र
- बोलपत्र पेश गर्दा माथि उल्लेखित प्रमाणपत्रहरु संलग्न राखी कार्यालयबाट बिक्री भएको दरभाउपत्रमा दररेट महलको अंक र अक्षरमा दुवै महलमा स्पष्ट दररेट उल्लेख गर्नुपर्नेछ । दररेट महलको अंक र अक्षरमा फरका परेमा अक्षरमा मान्यता दिईनेछ ।
- सूचना केही संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
- बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।
- बोलपत्रको बिक्री गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि खुलेको दिन सोही समयमा बिक्री, दर्ता तथा खोल्ने कार्य गरिने छ ।
- बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

डिभिजन प्रमुख

रंगशालामा व्याडमिन्टन कोर्टसहितको कर्भड हल बन्दै

पोखरा २२ वैशाख ।

पोखरा रंगशाला ४१५ रोपनी क्षेत्रफलमा छ । राष्ट्रिय खेलकुद परिषदले पूर्वाधार निर्माणका लागि गुरुयोजना तयार गरेको छ । गुरुयोजना अन्तर्गत भौतिक पूर्वाधार थपिँदै छ । अहिले भलिबल प्रशिक्षण केन्द्र र बहुउद्देश्यीय कभर्ड हल निर्माणको संघारमा छन् । तीमध्ये पोखरा रंगशालाभित्र अब व्याडमिन्टनको कभर्ड हल निर्माण गरिँदै छ । कास्की जिल्ला व्याडमिन्टन संघले आफ्नै पहलमा चारवटा कोर्टसहितको कभर्ड (इन्डोर)हल बनाउन आवश्यक नक्सांकन गरिरहेको छ । 'राष्ट्रिय खेलकुद परिषदले कभर्ड हल बनाउन जग्गा उपलब्ध गराईसकेको छ' कास्की जिल्ला व्याडमिन्टन संघका अध्यक्ष डम्बरसिंह गुरुङले भने-'साढे दुई रोपनी क्षेत्रफल दिएका छन् । त्यसैमा हल बनाउने छौं।' हल बनाउन आवश्यक नक्सांकन भईरहेको उनले जानकारी दिए । उनले सम्भव भएसम्म वैशाख महिनाभित्र अथवा यो आर्थिक वर्षभित्रमा शिलान्यास गर्ने गृहकार्य गरिरहेको बताए ।

पोखरा रंगशाला भित्र २०४० सालमा निर्मित व्याडमिन्टन कभर्ड हल छ । जुन कभर्ड हलमा प्रशिक्षणदेखि प्रतियोगितासम्मका गतिविधि हुँदै आएको छ । यद्यपी प्रशिक्षण गर्न कठिनाई हुँदै गएपछि संघले नयाँ हल निर्माण गर्ने गृहकार्यमा जुटेको हो । 'भईरहेको हलमा संघका पदाधिकारीले खेल्ने हुदाँ प्रशिक्षण गर्न कठिनाई भएको छ । त्यसैले अबको हल विशेष गरी खेलाडी उत्पादन गर्ने लक्ष्यसहित प्रशिक्षण केन्द्र बनाउने छौं' अध्यक्ष गुरुङले भने-'पश्चिमाञ्चलमै राष्ट्रियस्तरका प्रतियोगिता समेत गर्न सहज हुने विश्वास छ ।'

इन्डोर हल निर्माणको लागि राखेपले वर्तमान जिल्ला खेलकुद विकास समिति कास्कीको कार्यालय परिसर अन्तर पश्चिमतर्फको साढे दुई रोपनी क्षेत्रफल छुट्टाईएको छ । खेलकुद विकास समितिका इन्जिनियर प्रनिस तामाकारका अनुसार २० मिटर चौडाई र ४० मिटर लम्बाई बराबर जग्गाको क्षेत्रफल व्याडमिन्टन संघलाई हल बनाउन स्वीकृति आएको छ । 'विद्यालयस्तरीय प्रशिक्षणको मुख्य उद्देश्य राखेका छौं' उनले भने-'अहिलेको हलमा बढ्दापाका खेल्दा विद्यार्थी हेरेर बस्नुपर्ने र विद्यार्थी खेल्दा अरुले हेरेर बस्नुपर्ने बाध्यता छ ।' त्यसको निराकरण गर्नकै लागि पनि हल अत्यावश्यक ठानिएको संघको ठम्याई छ ।

संघका अनुसार राखेपले बनाएको गुरुयोजना अन्तर्गत व्याडमिन्टन हल बनाउन जग्गा नै छुट्टाइएको छैन् । खाली जग्गालाई नै राखेपले हलको लागि स्वीकृति दिएको संघका अध्यक्ष गुरुङको भनाई छ । छुट्टाइएको जग्गामा चार वटा कोर्ट, चेन्जिङ रुम, संघको कार्यालय, भौचाल्यसहितको पूर्वाधार बनाउने उनले जानकारी दिए । 'हलमा पार्कीङट्ट गरिने छ ।' उनले भने । हल निर्माणको लागि संघले आफ्नै पहल कदमी गरिरहेको छ । 'राष्ट्रिय खेलकुद परिषदमा समेत आर्थिक सहयोगको लागि आग्रह गर्दै छौं' उनले भने-'तर पहिला आफैंबाट आर्थिक सहयोग जुटाएर काम शुरु गर्ने छौं ।' हल बनाउन संघले तीन करोड लागतको प्रारम्भिक अनुमान गरेको छ । यद्यपी नक्सांकन पछि मात्रै लागत प्रष्टिने संघले जनाएको छ ।

अन्तर्राष्ट्रिय मापदण्ड अनुसार २० फिट चौडाई र ४४ फिट लम्बाईको व्याडमिन्टन कोर्ट तयार हुने छ । निर्माणाधीन हलभित्र चार वटा कोर्ट अटाउने छ । (एजेन्सी)

बगर प्रहरी कार्यालयभित्र पुनःनिर्माण हुने

गोल्डेन न्युज संवाददाता
पोखरा २१ वैशाख ।



बडा प्रहरी कार्यालय बगरमा कार्यालय भित्र रहेको ग्राउन्ड पिच र ब्यारेकको पुनःनिर्माण गरिने भएको छ। ग्राउन्ड पिच तथा ब्यारेक पुन निर्माणको बृधवार एक कार्यक्रमका बीच जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक घनश्याम अर्यालले शिलन्यास गरे। कार्यक्रमा बोल्दै प्रहरी उपरीक्ष अर्यालले यो कामको शुरुवातले नागरिक र प्रहरी बीचको सहकार्यको उदाहरण झल्कएको बताए। नागरिक र प्रहरी बीच सहकार्य गर्ने भने पनि कता कात हुन नसकेको भन्ने भान हुन्थ्यो उनले भने-तर यहाँ आज भएको यो कामको शुरुवातले नागरिक र प्रहरी बीचको सहकार्यलाई झन्कउने काम गरेको छ। यो निर्माणका क्रममा आफ्नो तर्फबाट चाहिने सामाग्रीहरु के उपलब्ध गराउन सकिन्छ त्यो सहयोग गर्न आफू तयार रहेको बताए ग्राउन्ड पिच निर्माणका लागि छ लाख चार सय ५३ र ब्यारेक पुर्ननिर्माणका लागि छ लाख ४९ हजार एक सय ४३ खर्च लाग्ने अनुमान गरिएको निर्माण समितिका कोषाध्यक्ष चित्रबहादुर थापाले जानकारी दिए। यस अघि नै बडा प्रहरी कार्यालय बगरले शनिवार आयोजना गरेको भेला तथा शुभकामना आदान प्रदान कार्यक्रम गरि ग्राउन्ड पिच तथा ब्यारेक पुर्ननिर्माणको लागि पुरुषोत्तम श्रेष्ठको अध्यक्षमा निर्माण समिति गठन गरेको थियो। बडा प्रहरी कार्यालय बगरका प्रमुख प्रहरी निरीक्षक तथा निर्माण समितिका सदस्य सचिव मोहन बहादुर खाँणले प्रहरी र नागरिक बीचको सहकार्यबाट निर्माण कार्यलाई सम्पन्न गर्ने जानकारी दिए । निर्माण समितिका अध्यक्ष पुरुषोत्तम श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन बडा प्रहरी कार्यालय बगरका प्रहरी नायव निरीक्षक नेत्रबहादुर क्षेत्रीले गरेका थिए ।

प्रचण्डलाई प्रम बनाउने निर्णय

गोल्डेन न्युज संवाददाता
काठमाडौं २२ वैशाख ।

एकीकृत नेकपा माओवादीले अध्यक्ष प्रचण्डको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउने औपचारिक निर्णय गरेको छ । उसले एमाले, कांग्रेस, राप्रपा नेपाल लगायत सबै दललाई एमाओवादी नेतृत्वमा गठन हुने सहमतिको सरकारमा सहभागी हुन अपीलसमेत गरेको छ । पंचण्ड निवास लाजिम्पाटमा बृधवार बिहानै बसेको एमाओवादी पदाधिकारीको बैठकले प्रचण्डको नेतृत्वमा सरकार बनाउने र यसका लागि सबै दललाई सार्वजनिक अपील गर्ने निर्णय गरेको हो ।

'हामीले राष्ट्रिय स्वाधिनता, संविधानको कार्यान्वयन, शान्ति प्रक्रियाको पुर्ननिर्माण लगायतका विषयलाई केन्द्रबिन्दुमा राखेर केपी ओलीको नेतृत्वलाई समर्थन गरेका थियौं,' पदाधिकारी बैठकपछि एमाओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठले भने,'तर हामीले बारम्बार ध्यानाकर्षण गराउंदा पनि सरकारबाट काम भएन ।' एमाओवादी पदाधिकारी बैठकले अब एमाओवादीकै नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउने निर्णय गर्दै यसमा साथ दिन सबै दललाई अपील गर्ने निर्णय गरेको श्रेष्ठले बताए । नेपाली कांग्रेस सबै एमाओवादीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउन प्रस्ताव गरेको जानकारी दिँदै श्रेष्ठले यसमा अन्य दलहरुलाई आग्रह गरिएको बताए । बैठकपछि अध्यक्ष प्रचण्ड द्वारा जारी विज्ञप्तिमा लेखिएको छ, 'राष्ट्रिय स्वाधिनता एवम् स्वाभिमानको रक्षा, शान्ति प्रक्रियाको बाकी कार्यभार, राजनीतिक समस्यालाई बातांद्वारा समाधानसहित संविधान कार्यान्वयन र पुर्ननिर्माणको कार्यलाई केन्द्रबिन्दुमा राखेर हाम्रो पार्टीले राष्ट्रिय सहमतिमा जोड दिँदै नेकपा (एमाले) को नेतृत्वको वर्तमान सरकार गठन गर्न पहल गरी सहभागी भएको हो । हाम्रो पार्टीले उपयुक्त विषयहरुमा लगातार सरकार एवम् एमाले नेतृत्वसँग गम्भीर ध्यानाकर्षण गराएका हौं । तर वर्तमान नेतृत्व अन्तर्गत सरकारले त्यस दिशामा परिणाममुखी कार्य अगाडि बढाउन सकेको देखिएन । यस स्थितिमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले समेत हाम्रो पार्टीको नेतृत्वमा सरकार गठन गरी माथी उपरोक्त कार्यभार पुरा गर्न प्रस्ताव सहित सहमति जनाएको स्थितिमा हाम्रो पार्टी, नेकपा एमाले तथा राप्रपा नेपाल, जनअधिकार फोरम (लोकतान्त्रिक) लगायतका सबै पार्टीलाई हाम्रो पार्टीको नेतृत्वमा सरकार गठन गरी साझा कार्यभार पुरा गर्ने प्रक्रियामा अघि बढ्न अपील गर्दछ ।' पदाधिकारी बैठकपछि पत्रकारहरुसँग कुरा गर्दै एमाओवादी सचिव वर्षमान पुनले सहमतिको सरकारका लागि राप्रपा नेपाल, एमाले र फोरम नेपालसँग छलफल भइसकेको बताए । नेपाली कांग्रेसले अगाडि बढ्नोस् भनेको हुनाले आफूहरु अगाडि बढेको पुनले बताए ।

यसैबीच प्रधानमन्त्री निवास बालुवाटारमा बृधवार बसेको सत्तापक्षीय पार्टीको बैठकमा एमाओवादी अनुपस्थित भएको छ । दिउसो चार बजेका लागि बोलाइएको बैठक दुई घण्टा ढिला गर्दा पनि नआएपछि एमाओवादी बाहेकको छलफल सुरु भएको छ । बैठकमा एमाओवादीबाहेक सबै सत्तारुढ पार्टीको सहभागिता रहेको प्रधानमन्त्रीका प्रेस सचिव चेतन अधिकारीले जानकारी दिए ।

पुम्दीभुम्दीमा बस दुर्घटना

पोखरा २२ वैशाख ।

पोखराको पुम्दीभुम्दीमा बस दुर्घटना हुदा २० जना घाइते भएका छन् । पुम्दीभुम्दीबाट छोरेपाटन तर्फ आउँदै गरेको ग ९ ख ३३६९ नम्बरको बस बुधवार बिहान दुर्घटना भएको हो । दुर्घटनामा घाइते मध्य तीन जनाको अवस्था गम्भिर छ । १७ जना सामान्य घाइते छन् । घाइते सबैको गण्डकी मेडिकल कलेजमा उपचार भैरहेको छ । ओराली बाटोमा ब्रेक फेल भएर बस सडकको कुनामा ठोक्किएको प्रहरीले जनाएको छ ।





के तपाईंमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग घिलाउने, सुरुवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो मिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग घिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिलावारीमा गडबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबीका सबै अन्य चर्मरोगहरू ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पाथ्रल, फिस्टुला, फिसरको सफल उपचारका सबै मलद्वारमा मासु पलाएको, दिशा बस्दा गाह्रो हुने, मलद्वार दुःखे, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ८:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
न्यौंजबार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८९८४, ९८४६०४१५३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष : प्रधान सम्पादक **अनाधार पराजुली**, निर्देशक **हरिणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिल्नेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिल्नेढुंगा, पोखरा